हिमाली गाउँपालिका धुलाचौर , बाजुरा

# च्याफ्टिङ संचालन निर्देशिका २०७६

---

हिमाली गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

धुलाचौर, बाजुरा

# र्‍याफ्टिङ संचालन निर्देशिका २०७६

**भूमिकाः**

स्थानीय स्तरमा पर्यटन व्यवशाय प्रवर्धन गरि गाउँपालिकाको आयश्रोत बृद्धि गर्ने उद्देश्यले सार्वजनिक नीजि साभेदारीमा यस गाउँपालिकाको क्षेत्रमा रहेको कर्णाली नदीको मनोरमलाई आम नागरिकले महशुष गर्ने गरि, आन्तरिक तथा बाह्य पर्यटकहरु समेतलाई लक्षित गरि जलयात्राका लागि र्‍याफ्टिङ संचालन तथा व्यवस्थापन गर्ने सम्बन्धमा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा (घ) को (३) बमोजिम गाउँकार्यपालिकाको मिति ................. मा बसेको बैठकले यो निर्देशिका स्वीकृत गरी लागु गरिएको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भः

(क) यस निर्देशिकाको नाम "हिमाली गाउँपालिकाको र्‍याफ्टिङ संचालन निर्देशिका २०७६" रहेको छ ।

(ख) यो निर्देशिका र्‍याफ्टिङ गाउँकार्यपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

## २. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई जनाउँछ ।

(ख) "समिति" भन्नाले यस निर्देशिका बमोजिम गठित र्‍याफ्टिङ संचालन व्यवस्थापन समितिलाई जनाउने छ ।

(ग) "आन्तरिक स्रोत" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को गाउँपालिकाको वित्तीय अधिकार क्षेत्र अन्तर्गतका शीर्षकहरुबाट उठेको रकमलाई जनाउँछ ।

(घ) "साझेदारी संस्था" भन्नाले गाउँपालिकासँग लागत सहभागितामा कार्यक्रम संचालन गर्ने संघ संस्था, निकाय तथा कम्पनीलाई जनाउँछ ।

## ३. उद्देश्यः यस निर्देशिकाको उद्देश्य देहाय बमोजिम हुनेछ :-

३.१ आन्तरिक तथा वाह्य पर्यटकहरुलाई जलयात्राको सेवा दिँदै हिमाली गाउँपालिकालाई राष्ट्रिय तथा अर्न्तराष्ट्रिय समाजमा चिनाउने ।

३.२ गाउँपालिका क्षेत्रमा रहेको प्राकृतिक श्रोतको अधिकतम् उपयोग हुनेगरि दिगो रुपमा पालिकाको आय श्रोतमा बृद्धि गर्ने ।

३.३ उपलब्ध श्रोतको उपयोग हुने गरि स्थानीय स्तरमा रोजगारी सृजना भई शिक्षित बेरोजगारीको समस्यालाई सम्बोधन गर्ने ।

३.४ सार्वजनिक नीजि साभेदारीलाई प्रवर्धन गर्दै गाउँपालिकामा थप लगानी अनुकुल वातावरण सृजना गर्ने ।

## ४. र्‍याफ्टिङ संचालन व्यवस्थापन

४.१ र्‍याफ्टिङ संचालन व्यवस्थापन समितिः- र्‍याफ्टिङलाई प्रभावकारी तरिकाबाट संचालन तथा व्यवस्थापन गर्न देहाय बमोजिमको गाउँपालिका स्तरिय संचालन व्यवस्थापन समिति रहनेछ ।

(क) गाउँपालिका अध्यक्ष - अध्यक्ष

(ख) आर्थिक विकास समिति संगोजक - सदस्य

(ग) पर्यटन सम्वन्धि विशेषज्ञता भएकामध्येबाट एक जना प्रतिनिधि - सदस्य
(घ) र्‍याफ्टिङ संचमलन गर्ने कम्पनीहरु मध्येबाट एक जना प्रतिनिधि - सदस्य
(ङ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

४.२ र्‍याफ्टिङ संचालन व्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) र्‍याफ्टिङ संचालनका लागि परेका आशयपत्र माथि छलफल गरि मापडण्ड पगेका कम्पनीहरुको छनौछ गरि स्वीकृति प्रदान गर्ने।

(ख) र्‍याफ्टिङ संचालन गर्ने कम्पनीहरुले तिर्नुपर्ने राजश्व सम्वन्धि अध्ययन गरि राजश्वको दर गाउँपालिकाको राजश्व निर्धारण समितिलाई सिफारिस गर्ने।

(ग) र्‍याफ्टिङ संचालन गर्दा सृजना हुने रोजगारीका अवसरको अध्ययन गरि आवश्यकताको आधारमा यूवा रोजागारीलाई व्यवस्थापन गर्ने।

(घ) र्‍याफ्टिङ संचालन गर्दा जलयात्रा गने यात्रुले निर्तुपर्ने शुल्क निर्धारणका लागि गाउँपालिको राजश्व परामर्श समितिलाई अध्ययनको आधारमा उचित शुल्क दरको सिफारिस गर्ने।

(ङ) र्‍याफ्टिङका माध्यमबाट प्रदान गर्ने जलयात्रा सेवालाई व्यवस्थित गर्न आवश्यक पुर्वाधार तथा जनशक्तिको व्यवस्था गर्ने।

(च) समितिले आवश्यकता अनुसार उपसमिति समेत बनाई आफ्नो कार्य सम्पादन गर्न सक्नेछ।

## ५. कोष तथा दस्तुरः-

(क) र्‍याफ्टिङका माध्यमबाट प्रदान गर्ने जलयात्रा सेवालाई व्यवस्थित गर्न गाउँपालिकाले वार्षिक कार्यक्रमबाट आवश्यकता अनुसार कोष विनियोजन गर्ने छ।

(ख) र्‍याफ्टिङका माध्यमबाट प्रदान गर्ने जलयात्रा सेवा प्रवाह गर्ने कम्पनीबाट प्राप्त राजश्व र सेवा लिने यात्रुबाट प्राप्त शुल्कको व्यवस्थित प्रयोगका लागि छुट्टैकोषको व्यवस्था गरिने छ।

(ग) यस कोषमा प्राप्त अनुदान, राजश्व तथा शुल्कको रकम र्‍याफ्टिङका माध्यमबाट प्रदान गर्ने जलयात्रा सेवाको प्रावकारी व्यवस्थापन, सेवा प्रवाह गर्ने जनशक्तिको व्यवस्थापन तथा गाउँपालिकाको पर्यटन प्रवर्धनमा उपयोग गर्न सकिनेछ।

(घ) र्‍याफ्टिङ संचालन गर्ने कम्पनीले तिर्नुपर्ने राजश्व तथा जलयात्रा गर्ने यात्रुको शुल्क गाउँपालिकाको राजश्व निर्धारण समितिले तोके बमोजिम हुनेछ।

## ६. कर्मचारी व्यवस्थापन

(क) र्‍याफ्टिङका माध्यमबाट प्रदान गर्ने जलयात्रा सेवालाई व्यवस्थित गर्न गाउँपालिकाले आवश्यक जनशक्तिको व्यवस्था गर्नेछ।

(ख) र्‍याफ्टिङका माध्यमबाट प्रदान गर्ने जलयात्रा सेवालाई व्यवस्थित गर्न गाउँपालिकाले आवश्यक प्रकृया पुर्‍याई जलयात्रा सुरक्षा कर्मचारी, शुल्क संकलन गर्ने कर्मचारी तथा आवश्यक प्रवर्धन कर्मचारी तथा विषशज्ञ नियुक्ति गर्नेछ।

(ग) र्‍याफ्टिङका माध्यमबाट प्रदान गर्ने जलयात्रा सेवामा नियुक्त कर्मचारीको सेवा सुविधा गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

(घ) जलयात्रा सुरक्षामा नियुक्त कर्मचारीलाई आवश्यक शिप तथा दक्षता सम्वन्धि तालिम र आवश्यक उपकरणको व्यवस्था गाउँपालिकाले गर्नेछ ।

## ७. साझेदारी

(क) र्‍याफ्टिङका माध्यमबाट प्रदान गर्ने जलयात्रा सेवालाई व्यवस्थित गर्न सार्वजनिक नीजि साझेदारीलाई जोड दिईनेछ ।

(ख) अर्को आर्थिक वर्षमा र्‍याफ्टिङ संचालन गर्ने कम्पनीको छनौट चालु आर्थिक वर्षभित्रै गरि अनुमती प्रदान गरिनेछ ।

(ग) राष्ट्रिय तथा स्थानीय मेडिया मार्फत सुचना प्रवाह गरि र्‍याफ्टिङ सेवा प्रदान गर्ने कम्पनीलाई आवेदन गर्न आव्हान गरिनेछ ।

(घ) र्‍याफ्टिङ सेवा प्रदान गर्ने कम्पनीका प्राप्त आवेदनहरुको मुल्याङ्कन गाउँपालिकाको र्‍याफ्टिङ संचालन व्यवस्थापन समितिले गर्नेछ ।

## ८. विविध

(क) यस निर्देशिकामा व्यवस्था नभएको तथा अस्पष्ट भएका विषय तथा अन्य कुनै विवादित विषयको बारेमा गाउँकार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।